**बागमती प्रदेश**
**हेटौँडा, नेपाल**

**मुख्यमन्त्री**

## हरितालिका तीज, २०८२ को शुभकामना

समस्त नेपाली महिलाहरूको महान् पर्व **हरितालिका तीज**को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनीहरूमा पारिवारिक सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हरितालिका तीजलाई नेपाली महिलाहरूले एक सनातन सांस्कृतिक पर्वको रूपमा मनाउँदै आएका छन्। भाद्र शुक्लपक्ष तृतीयाका दिन पर्ने यस पर्वमा महिलाहरूले भगवान् शिव-पार्वतीको पूजा आराधना गर्दै आफ्नो सौभाग्य, परिवारको सुख, सुस्वास्थ्य र दीर्घायुको कामना सहित उपवास बस्नाले मनोकामना पूरा हुने विश्वास रहिआएको छ। यस्ता सांस्कृतिक पर्वहरूले सबै नेपालीहरूको बीचमा विविधतामा एकता, धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम गर्न सहयोग पुऱ्याइरहेका हुन्छन् भन्ने मेरो विश्वास रहेको छ।

हरितालिका तीजको मौलिकतालाई कायम राख्दै संस्कृति संवर्धन गर्दै संस्कारयुक्त वातावरण तयार गर्न र सदाचार जीवन शैली अपनाउनका लागि यस्ता चाडपर्वहरुको गरिमालाई सम्मानजनक बनाइ राख्नु आजको आवश्यकता हो। यस्ता पर्वले नेपालीहरुलाई एकताको सूत्रमा आबद्ध गर्दै धार्मिक सहिष्णुता तथा सद्भाव कायम गर्नुका साथै एकआपसमा खुसी साटासाट र मनोरञ्जन गर्ने अवसर समेत प्रदान गरेका छन्।

अन्त्यमा, यस पर्वले नेपाली समाजमा विद्यमान लैङ्गिक, जातीय, वर्गीय विभेद र सबै किसिमका असमानता अन्त्य गर्दै सामाजिक सद्भाव, सहिष्णुता र मेलमिलाप बढाई विभेदमुक्त समतामूलक समाजको निर्माणतर्फ अग्रसर हुन उत्प्रेरित गर्न सकोस् भन्ने शुभेच्छाकासाथ समस्त महिलाहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । *धन्यवाद। जय नेपाल ।*

विक्रम सम्वत् २०८२ भाद्र, १० गते
नेपाल सम्वत् ११४५ ञंलाथ्व तृतिया

इन्द्र बहादुर बानियाँ
मुख्यमन्त्री